# शासकीय सुधार कार्यक्रम कार्यान्वयन क्रममा सहमति भएका विषयहरुको कार्यान्वयन अवस्था

(अनुसूची ८)

| सहमती भएका विषयहरु | कार्यान्वयनका अवस्था | कैफियत |
|---|---|---|
| सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले शासकीय सुधार समन्वय ईकाई र कार्यदक्षता ईकाईमा महिला सम्पर्क व्यक्ति सहित उपयुक्त कर्मचारीहरुको व्यवस्था गर्ने । | उल्लेखित सबै मन्त्रालयहरुमा GRCU, EU र CU गठन भईसकेको छ । प्रत्येक मन्त्रालयमा महिला सम्पर्क व्यक्ति तोकि सकिएको छ । ब्म्द्य संग भएको शर्त भन्दा बढी स्थानीय विकास मन्त्रालय र भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा समेत ऋग्र गठनको कार्य सम्पन्न भएको छ । | |
| कार्यकारी समितिले प्रथम वर्षको कार्यान्वयन योजनाको प्रगति समीक्षा र पुनरावलोकन गर्दै निजामती सेवामा महिलाहरुको सहभागिता समावेश भएको दोस्रो वर्षहरुको कार्यक्रम तयार गर्ने । | कार्यकारी समितिको रुपमा सामान्य प्रशासन मन्त्रीज्यूको अध्यक्षतामा रहेको प्रशासन सुधार समितिले प्रत्येक वर्ष नियमित रुपमा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्नुका साथै आगामी आर्थिक वर्षको कार्यक्रम स्वीकृत गर्ने गरेको छ । | |
| श्री ५ को सरकार मन्त्रिपरिषद्ले निजामती सेवालाई ठीक आकारमा ल्याउनका लागि व्यवसायिकरण, स्थानीय निकायलाई निक्षेपण, करारमा दिने सम्बन्धी नीति स्वीकृत गर्ने । | निजामती सेवालाई ठीक्क आकारमा ल्याउन Core र Non Core Function का आधारमा विश्लेषण गरी काम घटाई संगठनात्मक पुनसंरचना कार्य चालु रहेको छ । सेवा करार निर्देशिका कार्यान्वयनमा छ । कृषि मन्त्रालयको संगठन पुनसंरचना भैसकेको छ । दरवन्दी कटौतीका लागि लक्ष्य गरीएको संख्या मध्ये सात हजार तीन सय चवालिस कटौती भईसकेको छ । | |
| कार्यकारी समितिले कृषि तथा सहकारी मन्त्रालयको संगठनात्मक पुनसंरचना स्वीकृत गर्ने । | सम्पन्न भई सकेको । | |
| मन्त्रिपरिषद्ले शिक्षक भर्ना, तलब सुविधा र महिला संवेदनशील दरवन्दी सम्बन्धी नीति पारित गर्ने । | शिक्षा ऐन र नियमावलीको संशोधनले यी कुराहरुलाई सम्बोधन गरीसकेको छ । | |
| शासकीय सुधार समन्वय ईकाईले निजामती कर्मचारीहरुको पूर्ण कम्प्यूटरकृत व्यक्तिगत विवरणहरुलाई स्वीकृत पद र तलबसंग आवद्ध गर्ने । | निजामती कितावखानामा कर्मचारीहरुको विवरण कम्प्यूटरकृत गरीसकिएको छ र त्यसलाई स्वीकृत पद र तलबसंग आवद्ध गरीसकिएको छ । | |
| सबै राजनैतिक दलहरुको बार्षिक लेखापरीक्षणको व्यवस्था सहितको ऐन मस्यौदा मन्त्रिपरिषद्ले संसद समक्ष पेश गर्ने । | निर्वाचन सम्बन्धी ऐनमा राजनैतिक दलहरुको हिसावको वार्षिक लेखापरीक्षण गर्नु पर्ने व्यवस्था समावेश भईसकेको छ । | |
| निर्वाचित सार्वजनिक पदाधिकारी, राजपत्रांकित निजामती कर्मचारी, संवैधानिक निकायका सदस्यहरु, संसदका सदस्यहरु, मन्त्रिपरिषद्का सदस्यहरु, विकास समितिका तथा संस्थानका उच्च अधिकारीहरुको वार्षिक रुपमा सम्पत्ति घोषणा गर्ने कानूनी व्यवस्था सम्बन्धी मस्यौदा | सम्पत्ति विवरण वार्षिक रुपमा पेश गर्नुपर्ने कानूनी व्यवस्था भईसकेको छ । श्री ५ को सरकारले सम्पत्ति विवरणको अनुगमन गर्ने संयन्त्र समेत तोकि सकेको छ । निजामती कर्मचारी बाहेक अन्य कर्मचारीहरुलाई पनि सम्पत्ति विवरण बुझाउन गृह मन्त्रालयले तरताकेता गर्दै आइरहेको । | |

| सहमती भएका विषयहरु | कार्यान्वयनका अवस्था | कैफियत |
|---|---|---|
| संसदमा टेबुल गर्ने साथै त्यसको अनुगमन र निरीक्षण गर्ने उत्तरदायी निकायको व्यवस्था गर्ने । | | |
| प्रधानमन्त्री कार्यालयमा भ्रष्टाचार विरोधी युनिट खडा गर्ने जसले भ्रष्टाचार घटाउनका लागि प्रभावकारी सचेतना सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत राष्ट्रिय सतर्कता केन्द्रको गठन गरीसकेको छ । त्यसको कार्यविधि समेत स्वीकृत भईसकेको छ सो निकायबाट प्राविधिक परिक्षणको काम पनि भइरहेको छ । | |
| परिमार्जित स्वेच्छिक अवकाश प्रणालीको व्यवस्था र त्यसलाई निजामती सेवा ऐनमा समावेश गर्ने काम | स्वेच्छिक अवकाश प्रणाली सम्बन्धी व्यवस्थालाई बढी व्यवहारिक बनाउन परिमार्जित गरी निजामती सेवालाई ठीक्क आकारमा ल्याउन नीतिगत व्यवस्था भईसकेको सन्दर्भमा निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन अध्यादेश, २०६२ को दफा ३५ मा व्यवस्था गरीएको छ । | |
| दीर्घकालीन तलब नीति र नयाँ तलब संरचना । | दीर्घकालीन तलब नीति र नयाँ तलब संरचना सम्बन्धमा नीति अनुकूलनै हुने गरी संशोधन अध्यादेशको दफा २७ र २८ संशोधन र २८(क) थप गरी व्यवस्था गरीएको छ । | |
| निजामती सेवा ऐनमा बार्षिक कार्यसम्पादन मूल्यांकनलाई सुदृढीकरण गर्ने र योग्यतामा आधारित भर्ना तथा बढुवा प्रणालीलाई सुदृढीकरण गर्ने व्यवस्था समावेश गर्ने । | नेपालको निजामती सेवा पूर्ण रुपमा योग्यतामा आधारित रहेको छ । यसलाई अझ व्यवहारिक र वैज्ञानिक बनाउन मूल्यांकन पद्धतिलाई सुदृढीकरण गर्नुपर्ने आवश्यकतालाई महशुस गरी सोही अनुरुपको नीति पारित भएको सन्दर्भमा निजामती सेवा ऐनको दफा २४(क) संशोधन गरी कार्य सम्पादन मूल्यांकन प्रणालीलाई बढी वैज्ञानिक, निष्पक्ष, योग्यतामा आधारित बनाउन संशोधन अध्यादेशमा व्यवस्था गरीएको छ । | |
| | योग्यता प्रणालीको परिभाषा हालको परिवेशमा आएर कतिपय अवस्थाहरुले परिवर्तन गराएको छ । सामाजिक समावेशीकरणका दृष्टिले सबै समुदायको प्रतिनिधित्व हुनु आफैमा एउटा गुण हो । अहिले निजामती सेवामा कागजी ज्ञान र बुद्धि भन्दा सेवा प्रवाहमा प्रभावकारीता ल्याउने व्यवहारिकता र ज्ञानको खाँचो रहेको परिप्रेक्ष्यमा समावेशी प्रशासनबाटनै पनि योग्यता प्रणालीको विकास हुन सक्ने अपेक्षा गरीएको छ । | |
| निजामती सेवाको उच्च तहमा उत्तराधिकार योजना र महिला संवेदनशीलता सहित गुनासो सुनुवाई सम्बन्धी प्रक्रिया सम्बन्धी नियम पारित गर्ने । | निजामती सेवाको उच्च स्तर खास गरी विशिष्ट श्रेणीको सचिव र विभागका विभागीय प्रमुखहरुका पदहरु लामो समय खाली नरहुन र बरबुझारथ लगायत उत्तराधिकारका अन्य व्यवस्था कार्यान्वयन भई नियमित उत्तराधिकारमा अविच्छिन्नता रहोस् भनेर मूल ऐनको दफा ७(क) लाई संशोधन गर्ने गरी अध्यादेशमा समावेश गरीएको छ । | |
| बजेट, कार्य संचालन प्रक्रिया सहित निजामती कर्मचारीका लागि कार्य सम्पादन पारितोषिक कोष श्री ५ को सरकारले स्वीकृत गर्ने । | कार्य सम्पादन पारितोषिक कोषलाई व्यवस्थित गर्नका लाीग निजामती सेवा ऐनको दफा २८ पछि दफा २८क थप गरी संशोधन गरीएको छ । | |

| सहमती भएका विषयहरु | कार्यान्वयनका अवस्था | कैफियत |
|---|---|---|
| | | |
| कार्य दक्षता सुधार ईकाई र शासकीय सुधार समन्वय ईकाईले कृषि तथा सहकारी मन्त्रालयको पहिलो कार्य सम्पादन पारितोषिक योजना स्वीकृत गर्ने । | कृषि तथा सहकारी मन्त्रालयको पारितोषिक कोष योजना स्वीकृत गर्न ऐन नियममा संशोधन गरीरहनु पर्ने अवस्था नरहेको । यस व्यवस्थालाई कार्यान्वयन गर्न सल्लाहकारबाट कार्य अगाडि बढिरहेको र योजनाको खाका तयार भैसकेको छ । | |
| अर्थ मन्त्रालय, शासकीय सुधार समन्वय ईकाई र कृषि तथा सहकारी मन्त्रालयले कार्य सम्पादन व्यवस्थापन प्रणाली स्थापना र कार्यान्वयनको घोषणा गर्ने छन् । त्यसमा कार्य सम्पादन सुधार योजना, नयाँ सेवा प्रवाहको स्तर र बजेटद्वारा आवश्यक रकमको व्यवस्था गर्नेछन् । | कार्य सम्पादन कोष कार्यविधि र योजना तयार भैसकेपछि सेवाको गुणस्तरको आधारमा प्रोत्साहन गर्ने गरी बजेटबाट रकम व्यवस्था गरी काम अगाडि बढी सकेको छ । | |
| कम्प्यूटरकृत शिक्षक कर्मचारी तथा पदको सूचना प्रणाली स्थापना गर्ने कार्य | ७०,००० शिक्षक कर्मचारीहरुको विवरणलाई कम्प्यूटर प्रणालीमा प्रविष्ट गरीसकिएको छ । | |
| संवैधानिक परिषद्को सिफारिश तथा नियुक्ति सम्बन्धी प्रक्रियागत नियमहरु निर्माण । | यस सम्बन्धमा मस्यौदा प्रतिवेदन गर्न कार्यदल गठन भई श्रीमान् मुख्य सचिवज्यू समक्ष प्रतिवेदन पेश गरीसकेको छ ।<br>कार्यविधि र नियमहरु तय गर्ने कार्य हाल प्रक्रियामा रहेको छ । | |
| निजामती सेवामा महिला सहभागिता बढाउनका लागि लिनु पर्ने सकारात्मक विभेद सम्बन्धी नीति र कार्यक्रम । | नि.से.ऐन संशोधन भैसकेको छ । यस व्यवस्थालाई समेटेर उल्लेख्य सहभागिता हुनसक्ने अभिप्रायले अधिकृत स्तरको प्रवेश विन्दुका लागि आरक्षणको प्रावधानलाई अंगीकार गरीएको छ । | |
| | नि.से.ऐनमा समेटिएको व्यवस्थालाई थप सरलीकृत गरी नि.से. नियमावलीको मस्यौदामा समेटिएको छ । नियमावली निकट भविष्यमै आउने गरी कारवाही अघि बढाईएको । यस सम्बन्धी व्यवस्थालाई कार्यान्वयनका गर्न नि.से.नि. को संशोधन मस्यौदाले प्रष्ट पारी यो कार्य पुरा गर्ने लक्ष्य राखिएको छ ।<br>शिशु स्याहार केन्द्र स्थापना गर्ने कार्यको अध्ययन भईरहेको छ । | |
| कृषि तथा सहकारी, सामान्य प्रशासन, शिक्षा तथा खेलकूद र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयहरुले परिवर्तन इकाईहरुमा लैङ्गिक सम्पर्क/व्यक्ति समेतको पूर्णकालीन कर्मचारीहरुको व्यवस्था गर्ने । | सम्पन्न । | |
| शासकीय सुधारको कार्यकारी समितिले शिक्षा तथा खेलकूद मन्त्रालय र स्वास्थ्य मन्त्रालयको Rightsizing को योजनालाई अनुमोदन गर्ने । | Rightsizing सम्पन्न भएको । | |

| सहमती भएका विषयहरु | कार्यान्वयनका अवस्था | कैफियत |
|---|---|---|
| आय तथा सम्पत्ति विवरणलाई वार्षिक छड्के जाँच गर्ने कार्यका लागि सामान्य प्रशासन मन्त्रालयले कार्यविधि तय गरी सम्बद्ध निकायको सहकार्यमा वार्षिक कमसेकम १ पटक छड्के जाँच गर्ने । | छड्के जाँच गर्ने जिम्मवारी केन्द्रीय सतर्कता केन्द्रलाई कानूनतः तोकिएको र छड्के जाँच गर्न थालिएको । | |
| सूचनादाताको संरक्षण विधेयक पेश गर्ने कार्य | सामान्य प्रशासन मन्त्रालयले Pro-Public संगको समेतको सहकार्यमा मस्यौदा तयार गरेको छ । सो मस्यौदालाई कानूनी मान्यता दिने कार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सामान्य प्रशासन मन्त्रालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको समेत सहकार्यका लागि समन्वय गर्ने । | |
| मुद्रा निर्मलीकरण विरुद्धको विधेयक पेश गर्ने कार्य | मस्यौदा अध्यादेश तयार भएको अवस्था छ । यस सम्बन्धमा अर्थ मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आवश्यक प्रक्रिया अगाडि बढाउन सामान्य प्रशासन मन्त्रालयले समन्वय र सहकार्य गर्नेछ । | |
| शिक्षा र स्वास्थ्य मन्त्रालयलको पहिलो कार्य सम्पादन प्रोत्साहन योजनालाई GRCU र EU ले स्वीकृत गर्नेछन् । | Consultant ले कार्य गरीरहेको अवस्था छ । आगामी ३ महिनाभित्रमा Consultant बाट विस्तृत खाका समेतको प्रतिवेदन प्राप्त हुने र सो वमोजिम कार्यक्रम संचालन हुनेछ । | |
| अर्थ, सामान्य प्रशासन, शिक्षा र स्वास्थ्य मन्त्रालयहरुले कार्य सम्पादन सुधार योजना र सेवाको मापदण्ड समेतको कार्य सम्पादन व्यवस्थापन प्रणाली PBMS लाई कार्यान्वयन गर्ने कार्यको घोषणा, स्थापना र कार्यान्वयन गर्ने छन् र सो का लागि आवश्यक बजेटको विनियोजन गरीन्छ । | कानूनमा यस सम्बन्धी व्यवस्था भैसकेको छ । कृषिमा सम्पन्न भएको छ consultant ले report बुझाएपछि बाँकी काम सम्पन्न हुनेछ । | |